# लैंगिक हिंसासम्बोधनका लागि प्रेषणप्रणाली सम्बन्धी कार्यविधि, २०७७
# शहीदनगर नगरपालिका यदुकूहा, धनुषा

**प्रस्तावना**

लैङ्गिक हिंसा समुदायमा विद्यमान एउटा प्रमुख समस्याको रुपमा रहेको र यस्ता हिंसाबाटविशेष गरी महिला, किशोरी तथा बालिकाहरु अधिक मात्रामा पीडित भईरहेको सामाजिक परिवेशलाई मध्यनजर गर्दै पीडित तथाप्रभावित भएकाहरुले सम्मानित जिवन जिउनका लागि उनीहरुको विविध आवश्यकताहरुलाई सम्बोधनगर्न सुरक्षा तथा न्यायका सेवा प्रदायकहरु बीचको प्रेषण प्रणालीलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, यस सहिद नगर नगरपालिका ,धनुषाको नगरकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा सम्बोधनका लागि प्रेषण प्रणाली सम्बन्धी कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि सहिद नगर नगरपालिका भर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधि मा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्भनद्र पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले सहिद नगर नगरपालिकालाईृ सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा ३ बमोजिम गठन हुने महिला हिंसा विरुद्धको स्थानीयसमिति सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले सहिद नगर नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रेषणप्रणाली " भन्नाले दफा ८ बमोजिमको प्रेषण प्रणाली सम्झनु पर्छ ।

(च) "कोष" भन्नाले दफा ९ बमोजिम स्थापना हुने स्थानीय लैङ्गिक हिंसा निवारण कोषसम्झनु पर्छ ।

## परिच्छेद - २
## समितिको गठन

३. **समिति सम्बन्धी व्यवस्था** : (१) सहिद नगर नगरपालिकामा महिला विरुद्ध हुने हिंसा नियन्त्रण सम्बन्धी कार्यलाई नीतिगत मार्गदर्शन गर्न, पीडित तथा प्रभावितहरुको सुरक्षा तथा न्यायमा पहुँच अभिवृद्धि गर्दै सम्मानित जीवन जिउने वातावरण तयार गर्न र सेवा प्रवाहलाई प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने उद्धेश्यले यस सहिद नगर नगरपालिकाकाका नगर प्रमुखको मार्ग निर्देशनमा रही कार्य गर्ने गरी देहाय बमोजिम लैंगिक हिंसा विरुद्ध समितिको गठन हुनेछ :-

| | |
|---|---|
| (क) नगर उपप्रमुख | -अध्यक्ष |
| (ख) समावेशी आधारमा वडा अध्यक्षहरु मध्येबाट ५ जना | - सदस्य |
| (ग) कार्यापालिका सदस्यहरु मध्येबाट एक जना महिला | - सदस्य |
| (घ) दलित तथा पिछडिएका ३ जना महिला वडा सदस्य | - सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (च) स्थानीय प्रहरी कार्यालयका प्रमुख | - सदस्य |
| (छ) महिला र किशोरी सञ्जालको एक जना प्रतिनिधि | - सदस्य |
| (ज) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट एक जना | - सदस्य |
| (झ) बाल सञ्जालको प्रतिनिधि एकजना | - सदस्य |
| (ञ) पत्रकार एक जना | - सदस्य |
| (ट) लैगिंक हिंसा विरूद्ध कार्यरत संघ संस्था वा व्यक्तिहरु मध्येबाट समावेशी सिद्धान्तका आधारमा अध्यक्षले मनोनित गरेका २ जना | - सदस्य |
| (ठ) कानुन अधिकृत मध्ये ज्येष्ठ वा वरिष्ठ अधिकृत एक जना | - सदस्य |
| (ड) महिला बालबालिका तथा ज्येष्ठ नागरीक शाखा प्रमुख | - सदस्य |
| (ड) सामाजिक विकास शाखाका प्रमुख | - सदस्य सचिव |

(२) समितिले विषयवस्तुसँग सरोकार राख्ने व्यक्ति वा विज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैंगिक हिंसाको निरोध गर्न, पीडित वा प्रभावीत व्यक्तिहरुको प्रभावकारी संरक्षण गर्न,पीडित वा प्रभावितलाई परिपूरण गर्न र पीडकलाई कानूनी कारवाही गर्न गराउनका लागि आवश्यक पर्ने पालिका स्तरीय नीति, कार्य योजना, कार्यक्रम र बजेट तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) स्वीकृत भएको नीति, कार्ययोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ग) लैङ्गिक हिंसा विरूद्ध तालिम सञ्चालन गर्ने तथा जनचेतना अभिवृद्धि गराउने,

(घ) नगर भित्र लैगिंक हिंसाको जोखिममा रहेका व्यक्तिको नक्सांकन गर्ने र आवश्यकता बमोजिम उद्धार, पुनर्स्थापना तथा पुनःएकिकरण गर्ने,

(ङ) उद्धार गरिएका पीडित तथा निजसँग रहेका बालबालिकालाई उनीहरुको पुर्नस्थापना तथा पारिवारिक पुनर्मिलन नहुञ्जेल सम्मका लागि सुरक्षा आवासमा राख्ने व्यवस्था गर्ने,

(च) स्थानीय स्तरमा कुनै पुनर्स्थापना केन्द्र वा सुरक्षा आवास भएमा सो को अनुगमन गरी कार्यपालिका समक्ष प्रतिवेदन दिने,

(छ) लैंगिक हिंसाको निरोध र सम्बोधन गर्न स्वदेशी तथा अन्तर्राष्ट्रिय संघसंस्था, सरकारी निकाय, व्यावसायीक संस्था आदिबीच समन्वय गर्ने,

(ज) स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना र सञ्चालनको प्रभावकारिताको नियमित रुपमा अनुगमन गर्ने,

(झ) हिंसा प्रभावितहरुका लागि आवश्यक सहयोगी सेवाको व्यवस्था गर्ने वा सेवा प्रदायकहरुसँग समन्वय एवं सहकार्य गरी पिडीतको गुजारा तथा जिविकोपार्जन समेतको सेवा पाउने वातावरण तयार गर्ने,

(ट) हिंसा प्रभावितहरुले सहज रुपमा सेवा पाउने वातावरण बनाउनका लागि अनुसुची- १ बमोजिमको ढाँचामा बर्षमा एक पटक उपलब्ध सेवाहरुको नक्सांकन गरी सो सेवाहरुको विवरण प्रकाशन गर्ने ,

(ठ) बर्षमा कम्तीमा दुई पटक सेवा प्रदायकहरुको बैठक आयोजना गरी सेवा प्रवाहको समिक्षा गर्ने,

(ड) कार्यपालिकाले समय समयमा तोके बमोजिमका अन्य कार्य गर्ने ,

(ढ) यस कार्यविधि अनुसार हुने खर्च प्रत्येक ६ महिना र प्रगति प्रतिवेदन बार्षिक रुपमा कार्यपालिका समक्ष पेश गर्ने ।

५. **बैठक सम्बन्धी कार्यविधी** : (१) समितिको बैठक प्रत्येक ६ महिनामा कम्तिमा एकपटक बस्ने छ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

(३) कूल सदस्य संख्याको पचास प्रतिशत्भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **सचिवालयको व्यवस्था** : (१) समितिको प्रशासनिक कार्य गर्न देहाय बमोजिमको एक सचिवालय रहनेछ :-

| | |
|---|---|
| (क) समितिको अध्यक्ष | - अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) दफा ३ को उपदफा (१) बमोजिमका सदस्य मध्येबाट २ जना | - सदस्य |
| (घ) समितिको सदस्य सचिव | - सदस्य सचिव |

(२) सचिवालयको बैठक सम्बन्धी कार्यविधि सचिवालयले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **सचिवालयको काम, कर्तव्य अधिकार** : सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

(ग) दफा ९ बमोजिम स्थापना भएको कोषको व्यवस्थापन तथा परिचालन गर्ने ।

(घ) स्थानीय तत्काल उद्धार तथा राहत समितिको रुपमा जोखिममा भएका महिला, किशोरी तथा बालिकाहरुको उद्धार, राहत र संरक्षणका लागि आवश्यक समन्वय तथा पहल गर्ने ।

## परिच्छेद – ३
## प्रेषण प्रणालीसम्बन्धी व्यवस्था

८. **प्रेषण प्रणालीको व्यवस्था** : (१)लैंगिक हिंसाको सम्वोधनका लागि समितिको कार्यक्षेत्र अन्तर्गत् रहने गरी एक प्रेषण प्रणाली निर्धारण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रेषणप्रणाली अन्तर्गत उपलब्ध गराइने प्रमुख सेवाहरु देहाय बमोजिमा हुनेछन् :

(क) मनोसामाजिक सहयोग
(ख) सुरक्षा आवास
(ग) औषधी उपचार सहयोग
(घ) कानुनी सहायता
(ङ) सीपमुलक तालीम र गुजारा तथाजिविकोपार्जनका लागि सहयोग
(च) शैक्षिक सहयोग
(छ) मेलमिलाप सेवा
(ज) अन्य आवश्यक सहयोग

(३) सहायता कक्ष सम्बन्धी व्यवस्था : लैगिंक हिंसाका घटनाहरुलाई घटनाको प्रकृति हेरी सम्बन्धित सेवा प्रदायकसँग समन्वयकारी भूमिका निर्वाह गर्नका लागि कार्यपालिकाद्धारा सहायता कक्ष र सम्पर्क व्यक्ति तोक्न सकिनेछ ।

(४) प्रेषण प्रणाली अन्तर्गत लैंगिक हिंसाको सम्वोधनका लागि अनुसुचि-२ बमोजिमको फारामको प्रयोग गरिनेछ ।

## परिच्छेद – ४

९. **स्थानीय लैङ्गिक हिंसा निवारण कोष सम्बन्धी व्यवस्था** : (१) लैगिंक हिंसाबाट पीडित तथा प्रभावितहरुलाई आवश्यकतामा आधारित सहयोग गर्नका लागि नगरपालिकाले स्थानीय लैङ्गिक हिंसा निवारण कोषको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:–

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) सहिद नगर नगरपालिकाबाट प्राप्त रकम,

(ग) कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) यस कोषको परिचालन"सबै स्थीीय तहले लैगिंक हिंसा निवारण कोष स्थापना तथा बिस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६" बमोजिम गरिनेछ ।

(४) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिको प्रस्तावमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद – ५

१०. **सेवा केन्द्र** : (१) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न स्थानीय तहले आवश्यकता अनुसार आपतकालीन सुरक्षित बास सेवा केन्द्रको स्थापना गर्न सक्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि सेवा केन्द्र भन्नाले अस्थायी आवास गृह, पुनर्स्थापना गृह, आवधिक गृह, आदि समेतलाई जनाउँछ ।

(२) सहिद नगर नगरपालिका, गैरसरकारी संस्था, सामुदायिक संस्था वा कानून बमोजिम गठित संस्थासँग साझेदारी गरी सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सहिद नगर नगरपालिका, आफैंले सुरक्षा बास सेवा केन्द्र स्थापना गरी कानून बमोजिम गठित संस्थालाई व्यवस्थापन गर्न दिन सक्नेछ वा त्यस्तो संस्थालाई स्थापना गरी सञ्चालन गर्न इजाजत प्रदान गर्न सक्नेछ ।

(४) आपतकालीन सुरक्षित बास सेवा केन्द सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ६
## विविध

११. **अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा स्थानीय तहको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. **संशोधन गर्न सकिने** : यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१३. **बाधा अड्काउ फुकाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आई परेमा कार्यपालिकाकोसहमतिमा समितिले फुकाउन सक्नेछ ।

१४. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्थाहरु संघीय र प्रदेश कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म संघीय र प्रदेश कानून बमोजिम हुनेछ ।

## अनुसूची-१
## सेवा प्रदायकहरूको नक्सांकन गर्ने ढााचा

(दफा ४ को खण्ड (ट) सँग सम्बन्धित)

| क.सं | सेवा प्रदायकको नाम | प्रदान गरिने सेवाहरु | सेवा प्रदायकको ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर, इमेल | सेवाको समयावधि | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## अनुसूची- २

### नमूना प्रेषण फारम

**(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)**

प्रेषण मिति................................. घटना दर्ता नम्बर : ........................................

१. प्रेषण गरिएको संस्था/निकाय :

संस्था/निकायको नाम :...................................................................................

ठेगाना : ................................................................................................

यस फाराममा उल्लेखित विवरण बमोजिमको प्रभावितलाई आवश्यक सहयोग र सेवा उपलब्ध गराउनका लागि त्यस संस्था/निकायमा सिफारिस गरिएको छ ।

प्रभावित र उसको पारिवारिक लेखाजोखा, स्याहार योजना, सेवाको लागि सिफारिस र घटना प्रभावितको नामः ..................................................................लिङ्ग : ........ उमेर.............................

२. प्रभावितको विवरण :

स्थायी ठेगाना :............................ गापा/नपा ... वडा ...........टोल : ......................
जिल्ला.........................

हालको ठेगाना:........................... गापा/नपा ... वडा ..........टोल : .......................
जिल्ला.......................

प्रभावितका लागि परिवारको सम्पर्क व्यक्तिः

परिवारको सम्पर्क व्यक्तिको सम्पर्क फोन नम्बर :.......................................................

ठेगाना : ................................................................................................

३. घटनाको संक्षिप्त विवरण :

............................................................................................................

............................................................................................................

............................................................................................................

प्रभावितको हालको शारीरिक, मानसिक, स्वास्थ्य तथा संरक्षणको अवस्था/स्थिति

.....................................................................................................................

.....................................................................................................................

सिफारिस गरिएको सेवा, सहयोग तथा कारबाही (अनुसुचि १ हेरेर भर्ने ) :

.................................................................................................................

संलग्न कागजातहरु : ....................................................................................

४. प्रेषण गर्ने :

नाम : .................................................. पद/आबद्धता.......................................

हस्ताक्षर :............................................. मिति : ...............................................

५. घटना बुझिलिनेको:

नाम : ...........................................................नाता/पदः....................................

हस्ताक्षर : ...............................................................मिति :................................